# प्रदेश राजपत्र

कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ३) सुर्खेत, फाल्गुन २६ गते, २०७७ साल (संख्या २४

## भाग-३

## कर्णाली प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

## एकीकृत बस्ती विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७

**प्रस्तावनाः** कर्णाली प्रदेशका छरिएर रहेका वा बाढी पहिरो लगायतका प्राकृतिक विपदको उच्च जोखिममा रहेका बस्ती एवं आफ्नो घरजग्गा नभएका नागरिकको संरक्षण, उत्थान एवं सशक्तीकरण गर्दै आधारभूत एवं सुरक्षित आवासको व्यवस्थाका लागि एकीकृत बस्ती विकास कार्यक्रम कार्यान्वयन गर्न आवश्यक भएकोले आवासको अधिकार सम्बन्धी ऐन, २०७५ को दफा ३१ तथा प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ३ को अधिकार प्रयोग गरी कर्णाली प्रदेश सरकारले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "एकीकृत बस्ती विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "एकीकृत बस्ती विकास" कर्णाली प्रदेश अन्तर्गतको कुनै भौगोलिक क्षेत्रमा आधारभूत पूर्वाधार सहीत निर्माण गरिने योजनावद्ध बस्ती विकासलाई सम्झनुपर्छ।

(ख) "कार्यक्रम" भन्नाले कर्णाली प्रदेश सरकारद्धारा सञ्चालित एकीकृत बस्ती विकास कार्यक्रम सम्झनुपर्छ।

(ग) "कार्यक्रम कार्यान्वयन समिति" भन्नाले दफा २० बमोजिमको कार्यक्रम कार्यान्वयन समिति सम्झनुपर्छ।

(घ) "निर्देशक समिति" भन्नाले कर्णाली प्रदेश विशेष कार्यक्रम सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७७ को दफा ९ बमोजिमको निर्देशक समिति सम्झनुपर्छ।

(ङ) "मन्त्रालय" भन्नाले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सम्झनुपर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश

(च) "लाभग्राही" भन्नाले दफा ६ बमोजिम छनौट भएका लाभग्राही घरपरिवार सम्झनुपर्छ।

(छ) "विषयगत कार्यालय" भन्नाले कर्णाली प्रदेश सरकार अन्तर्गतको पूर्वधार विकास कार्यालयलाई सम्झनुपर्छ र सो शब्दले पूर्वधार विकास निर्देशनालयलाई समेत जनाउँनेछ।

(ज) "निर्वाचन क्षेत्र" भन्नाले कर्णाली प्रदेशमा रहेका प्रदेश निर्वाचन क्षेत्रलाई सम्झनुपर्छ।

(झ) "स्थानीय तह" भन्नाले कर्णाली प्रदेशमा रहेका नगरपालिका वा गाँउपालिकालाई सम्झनुपर्छ।

## परिच्छेद-२

## एकीकृत बस्ती विकासका आधार तथा लाभग्राही छनौट प्रकृया

३. **जोखिमयुक्त बस्ती तथा समुदायको पहिचानः** (१) जोखिमयुक्त बस्ती तथा समुदायको पहिचान देहाय अनुसार गर्नु पर्नेछ।

(२) निर्देशक समितिले स्थानीय तह एवं कार्यक्रम कार्यान्वयन समिति सँगको समन्वय वा सिफारिसका आधारहरुलाई विश्लेषण गरी जोखिमयुक्त बस्तीको पहिचान गर्नेछ।

(३) जोखिमयुक्त बस्ती वा समुदाय वा क्षेत्रको पहिचान गर्दा मुलभूत रुपमा निम्न आधार लिनु पर्नेछः

(क) विपदको उच्च जोखिम तथा असुरक्षित स्थानमा रहेको।

(ख) भौगोलिक विकटता तथा दुर्गमताका कारण सेवा सुविधा पुऱ्याउन र प्राप्त गर्न असहज, अपायक र कठिन हुने विकट तथा छरिएर रहेका बस्ती तथा समुदाय।

(४) निर्देशक समितिले उपदफा (३) बमोजिम बस्ती विकासको पहिचान गर्दा एकीकृत बस्ती विकासको सम्बन्धमा विषयगत कार्यालय वा स्थानीय तहबाट प्राप्त विवरण र आवश्यक भएमा प्राविधिक प्रतिवेदनका आधारमा विपदको उच्च जोखिम, बाढी पीडीत, सुकुम्बासी (भूमिहिन), दलित, अपाङ्गता भएका, असाहय, अशक्त, सीमान्तकृत र लोपोन्मुख समुदाय तथा छरिएर बसोबास गरेको क्षेत्रलाई उच्च प्राथमिकता दिई योजना कार्यान्वयनका लागि छनौट गर्नेछ।

४. <u>**एकीकृत बस्ती विकासः**</u> (१) दफा ३ बमोजिम छनौट भएको स्थानमा एकीकृत बस्ती विकास गर्दा देहाय बमोजिमको कार्य गरिनेछः-

(क) **जग्गा प्राप्तीः** एकीकृत बस्ती विकासका लागि आवश्यक पर्ने जग्गाको सुनिश्चितता सम्बन्धित स्थानीय तहले गर्नु पर्नेछ।

(ख) **जग्गा विकासः** खण्ड (क) बमोजिम प्राप्त जग्गामा विषयगत कार्यालय वा स्थानीय तहले बस्ती विकासका लागि आवश्यक पर्ने घडेरी, सडक सञ्जाल, खुला स्थान, विद्युत, खानेपानी, टेलिफोन, पार्क आदी बस्ती विकासका लागि

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश

आवश्यक पर्ने सुविधाहरु सहितको जग्गा विकासको योजना तयार गरी सम्बन्धित कार्यक्रम कार्यान्वयन समितिबाट स्वीकृत गराउनु पर्नेछ।

(ग) **पूर्वाधार विकासः** एकीकृत बस्ती विकासको लागि आवास लगायतका पूर्वाधार निर्माणका लागि आवश्यक बजेट मन्त्रालयले विषयगत कार्यालय वा सम्बन्धित स्थानीय तहमा हस्तान्तरण गर्नेछ।

५. **लाभग्राहीको पहिचानः** दफा ३ बमोजिम बस्ती विकासका लागि छनौट भएको स्थान तथा समुदायमा रहेका परिवारलाई लाभग्राहीको रुपमा पहिचान गर्दा देहायको आधारमा गरिनेछः

(क) सम्बन्धित स्थानीय तहको सो स्थानमा बसोबास गरिरहेको व्यहोरा खुल्ने कुनै प्रमाण वा सिफारिस।

(ख) घर जग्गा नभएको वा विपदको उच्च जोखिममा रहेको व्यहोरा खुल्नेगरी स्थानीय तहले गरेको सिफारिस।

(ग) लाभग्राही बसोबास गर्दै आएको घरको हालको भौतिक अवस्था र घरधनीको परिवार सहितको तस्वीर।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश

६. **लाभग्राहीको छनौटका आधारः** (१) आवश्यक भएमा सम्बन्धित प्राविधिकले हाल बसोबास गरिरहेको स्थानको सम्बन्धमा गरेको अध्ययन प्रतिवेदनका आधारमा एकीकृत बस्ती विकास कार्यक्रमका लागि लाभग्राही छनौट गरिनेछ।

(२) उपदफा (१) बमोजिम लाभग्राही परिवार छनौट गर्दा विपदको उच्च जोखिम, बाढी पीडीत, सुकुम्बासी, दलित, सीमान्तकृत र छरिएर बसोबास गरेको क्षेत्रलाई पहिलो प्राथमिकता दिई लाभग्राही छनौट गरिनेछ।

(३) स्थानीय तहको कार्यपालिकाबाट निर्णय गरी लाभग्राही छनौटका लागि कार्यक्रम कार्यान्वयन समितिमा सिफारिस गर्नु पर्नेछ र समितिले कुनै विवाद नभएको सामान्य अवस्थामा सिफारिस भएका लाभग्राहीहरुलाई छनौट गर्नेछ।

(४) संगोलमा रहेका एक परिवारको लागि एक आवास मात्र उपलब्ध गराईनेछ।

७. **कार्यक्रम कार्यान्वयन स्थानः** (१) कर्णाली प्रदेशका दश जिल्ला अन्तर्गतका स्थानीय तहमा आवश्यकता र औचित्यका आधारमा एकीकृत बस्ती विकास कार्यक्रम सञ्चालन गरिनेछ।

(२) कार्यक्रम कार्यान्वयन स्थान पहिचान गर्दा सडक, खानेपानी, ढल निकास, विद्युत, स्वास्थ्य संस्था, विद्यालय लगायतका आधारभूत पूर्वाधार विकास गर्न सहज हुने स्थानमा कार्यक्रम सञ्चालन गरिनेछ।

(३) एकीकृत बस्ती विकास गर्न आवश्यक पर्ने जग्गा सम्बन्धित स्थानीय तहले उपलब्ध गराउने सुनिश्चितता भएको स्थानमा कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिम उपलब्ध भएको जग्गाको सम्बन्धमा भूगर्भविद, वातावरणविद, समाजशास्त्री तथा प्राविधिक विज्ञको विस्तृत अध्ययनको आधारमा बसोबास कार्यक्रम सञ्चालन हुनेछ।

(५) गैरकृषि वा व्यवसायिक कृषिमा रोजगारी सृजना हुन सक्ने अवस्थालाई मध्यनजर गरी नयाँ बस्ती विकासको योजना तयार गर्नुपर्नेछ।

## परिच्छेद-३

## <u>बस्ती विकास योजना तर्जुमा र कार्यान्वयन प्रकृया</u>

८. **<u>योजना तर्जुमा:</u>** दफा ७ बमोजिम पहिचान भएको स्थानमा भौगोलिक अवस्थिति, सडक, खानेपानी लगायतको पूर्वाधारको अवस्था, जनताको तत्कालिन आवश्यकता, विपदको जोखिमको अवस्था समेतको आधारमा बस्ती विकास सम्बन्धी अध्ययन तथा विश्लेषण गरी उपयुक्त विकल्पको आधारमा योजनाको पहिचान गर्ने कार्य सम्बन्धित स्थानीय तहको समन्वयमा कार्यक्रम कार्यान्वयन समितिले गर्नेछ।

९. **<u>योजना प्रस्तावः</u>** दफा ८ बमोजिम पहिचान भएको योजनाका सम्बन्धमा निम्न कागजात सहितको विवरण सम्बन्धित स्थानीय तहले कार्यक्रम समन्वय ईकाइ, मन्त्रालयमा पेश गर्नु पर्नेछः

(क) योजना सम्बन्धी प्रस्ताव।

(ख) कार्यक्रम कार्यान्वयन समितिको निर्णयको प्रमाणित प्रतिलिपि।

(ग) बस्ती विकासमा सहभागी हुने व्यक्तिहरुको तीनपुस्ते सहितको नामावली, नागरिकता प्रमाणपत्रको प्रतिलिपि र निजहरुको मञ्जुरीनामाको कागज।

(घ) बस्ती विकासको योजना सहितको भौतिक पूर्वाधार विकासको ड्रईङ्ग डिजाईन, लागत अनुमान र लागत व्यहोर्ने स्रोत खुलेको कागजात।

(ङ) बस्ती विकास गरिने स्थानको जग्गाको चार किल्ला प्रमाणित, ट्रेस नक्सा र जग्गाधनी पुर्जाको प्रमाणित प्रतिलिपि।

(च) बस्ती विकास गरिने स्थानीय तहको एकीकृत बस्ती विकास गर्ने सम्बन्धी कार्यपालिकाको निर्णयको प्रमाणित प्रतिलिपि।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश

१०. **<u>योजनाको स्वीकृतिः</u>** (१) एकीकृत बस्ती विकास सम्बन्धी प्रस्तावित योजना तथा कार्यक्रम सम्बन्धी नीतिगत बिषयहरु निर्देशक समितिले स्वीकृत गर्नेछ।

(२) निर्देशक समितिको बैंठक तत्काल बस्न नसक्ने अवस्थामा निर्देशक समितिको संयोजकले योजना तथा आवश्यक विषयहरु स्वीकृत गरी निर्देशक समितिको बैंठकबाट अनुमोदन गराउनु पर्नेछ।

११. **<u>योजनाको कार्यान्वयनः</u>** (१) दफा १० बमोजिम स्वीकृत योजनाको कार्यान्वयन निर्देशक समितिले तोके बमोजिम विषयगत कार्यालय वा सम्बन्धित स्थानीय तहले गर्नेछ।

(२) मन्त्रालयले स्वीकृत बस्ती विकास योजना कार्यान्वयनका लागि विषयगत कार्यालय वा सम्बन्धित स्थानीय तहमा बजेट हस्तान्तरण गरी पठाउनेछ।

(३) स्थानीय तह मार्फत एकीकृत बस्ती विकास कार्यक्रम कार्यान्वयन गर्नुपूर्व मन्त्रालय वा विषयगत कार्यालय र स्थानीय तह बीच अनुसूची-१ बमोजिमको ढाँचामा समझदारी (MOU) गर्नु पर्नेछ।

१२. **<u>लागत सहभागिता</u>**ः एकीकृत बस्ती विकासका लागि आवश्यक पर्ने जग्गा सम्बन्धित स्थानीय तहले उपलब्ध गराएकोमा लाभग्राहीले लागतको कम्तिमा ५ प्रतिशत बराबरको श्रमदान, नगद वा सामाग्री लागत सहभागिता वापत योगदान गर्नु पर्नेछ।

१३. **निर्माण सम्बन्धी कार्यः** (१) एकीकृत बस्ती विकासका लागि आवश्यक निर्माण सम्बन्धी कार्य प्रचलित कानून बमोजिम गर्नु गराउनु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनी लाभग्राहीका निम्ति आवास निर्माण प्रयोजनका लागि तोकिएको नमुना आवासको ड्रईङ्ग, डिजाईन, मापदण्ड र लागत अनुमानको अधिन एवं तोकिएको प्राविधिकको सुपरिवेक्षणमा रही सम्बन्धित लाभग्राही स्वयंले आवास निर्माण गर्न सक्ने र निर्माण प्रगतिको आधारमा बढीमा तीन किस्तामा कार्यक्रम कार्यान्वयन गर्ने विषयगत कार्यालय वा स्थानीय तहले सम्बन्धित लाभग्राहीको बैङ्क खाता मार्फत प्रचलित कानून बमोजिम रकम भुक्तानी गर्न सक्नेछ।

(३) किस्ताको संरचना र परिमाण तथा भुक्तानी प्रकृया सम्बन्धी थप व्यवस्था निर्देशक समितिले तोकेबमोजिम हुनेछ।

(४) कार्यक्रम कार्यान्वयन गर्ने विषयगत कार्यालय वा स्थानीय तह र लाभग्राही वीचमा अनुसूची-२ बमोजिमको ढाँचामा सम्झौता गर्नु पर्नेछ।

१४. **पूर्वाधारः** कार्यक्रम कार्यान्वयन हुने स्थानका लागि अवश्यक पर्ने भौतिक पूर्वाधारहरु जस्तै सडक, खानेपानी, ढल, खुल्ला क्षेत्र, सञ्चार आदिको निर्माण कार्य समेत आवश्यकता अनुसार गरिनेछ।

१५. **आवास तथा पूर्वाधार हस्तान्तरणः** (१) स्थानीय तह वा विषयगत कार्यालयले प्रचलित कानून बमोजिम पूर्वाधार निर्माण गरी निर्मित पूर्वाधार समेत लाभग्राही समुदायलाई हस्तान्तरण गराउनेछ।

(२) उपदफा (१) बमोजिम हस्तान्तरण गरिएको जग्गा तथा आवास त्यसरी हस्तान्तरण गरिएको मितिले १५ (पन्ध्र) वर्ष सम्म कुनै पनि कारणबाट बिक्रि वितरण, धितो, बन्धक तथा हक हस्तान्तरण गर्न पाइने छैन।

१६. <u>**अन्य निकायले सहयोग गर्नुपर्ने:**</u> प्रदेश सरकारका पूर्वाधार तथा अन्य सेवासँग सम्बन्धित निकाय र स्थानीय तहले एकीकृत बस्ती विकास कार्यक्रम कार्यान्वयन भएका क्षेत्रमा सेवा एवं पूर्वाधार विस्तार तथा विकास गर्दा एकीकृत बस्ती विकास योजना अनुसार सञ्चालन गर्न आवश्यक सहयोग पुऱ्याउनु पर्नेछ।

१७. <u>**कार्यक्रम कार्यान्वयन भएको मानिने:**</u> एकीकृत बस्ती विकासका लागि आधारभूत पूर्वाधार सहितको आवास निर्माण भई सम्बन्धित प्राविधिकबाट कार्य सम्पन्न प्रतिवेदन प्राप्त भएपछि कार्यक्रम कार्यान्वयन भएको मानिनेछ।

## परिच्छेद-४
## <u>समिति सम्बन्धी व्यवस्था</u>

१८. <u>**एकीकृत बस्ती विकास कार्यक्रम निर्देशक समिति:**</u> एकीकृत बस्ती विकास कार्यक्रमको प्रदेशस्तरमा समन्वय तथा नीतिगत मार्गनिर्देशन गर्ने कार्य कर्णाली प्रदेश विशेष कार्यक्रम सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७७ को दफा ९ बमोजिमको निर्देशक समितिले गर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश

१९. **<u>निर्देशक समितिको काम, कर्तव्य र अधिकार:</u>** कर्णाली प्रदेश विशेष कार्यक्रम सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७७ को दफा १० मा लेखिएको अतिरिक्त निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) कार्यक्रम कार्यान्वयन सम्बन्धी आवश्यक नीतिगत निर्णय गर्ने।

(ख) कार्यक्रम कार्यान्वयनको क्रममा विषयगत कार्यालय तथा स्थानीय तहलाई आवश्यक निर्देशन दिने।

(ग) बस्ती विकासमा प्रदेशस्तरमा एकरुपता ल्याउन आवश्यक मापदण्ड तोक्ने।

(घ) कार्यक्रम सञ्चालन हुने स्थानीय तहहरुको क्षेत्र सम्बन्धी जानकारी लिने।

(ङ) कार्यक्रमको प्रगति समीक्षा गर्ने।

(च) कार्यक्रम कार्यान्वयनसंग सम्बन्धित निकाय तथा पक्षहरूबीच समन्वय गर्ने।

(छ) कार्यक्रम कार्यान्वनका क्रममा आइपरेका बाधा अड्चन फुकाउने।

(ज) कार्यक्रम लागु भएको स्थानमा आवश्यक पर्ने पूर्वाधार विकासको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश

(झ) आवश्यकता अनुसार कार्यक्रमको अनुगमन गर्ने गराउने।

(ञ) निर्देशक समिति संयोजकबाट भएका निर्णयहरु अनुमोदन गर्ने।

(ट) निर्देशक समितिले उपयुक्त ठानेका अन्य कार्यहरु गर्ने।

२०. **<u>कार्यक्रम कार्यान्वयन समितिः</u>** निर्वाचन क्षेत्रस्तरमा कार्यक्रम कार्यान्वयनको समन्वय र व्यवस्थापन गर्न देहाय बमोजिमको निर्वाचन क्षेत्रस्तरीय कार्यक्रम कार्यान्वयन समिति रहनेछः

(क) सम्बन्धित प्रदेश सभा निर्वाचन क्षेत्रबाट प्रत्यक्ष निर्वाचित प्रदेश सभा सदस्य -संयोजक

(ख) सम्बन्धित प्रदेश सभा निर्वाचन क्षेत्रबाट समानुपातिक तर्फका प्रदेश सभा सदस्य -सदस्य

(ग) सम्बन्धित जिल्ला समन्वय समितिको प्रमुख वा निजले तोकेको समितिको सदस्य -सदस्य

(घ) कार्यक्रम कार्यान्वयन हुने नगरपालिका/ गाँउपालिकाको प्रमुख/ अध्यक्ष -सदस्य

(ङ) सम्बन्धित जिल्लाको विषयगत कार्यालयको प्रमुख -सदस्य सचिव

२१. **<u>कार्यक्रम कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकारः</u>** दफा २० बमोजिमको कार्यक्रम कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश

(क) एकीकृत बस्ती विकास सम्बन्धी योजनाहरुको पहिचान गरी मन्त्रालयमा सिफारिस गर्ने।

(ख) एकीकृत बस्ती विकासका लागि तयार गरिने आवास लगायतका संरचनाहरुको निर्माणको सम्बन्धमा एकरुपता ल्याउन र स्थानीय स्रोत साधनको अधिकतम उपयोग हुने गरी त्यस्ता संरचनाहरुको निर्माणका सम्बन्धमा ड्रइङ्ग डिजाइन तथा मोडालिटी, न्यूनतम आधार र मापदण्ड तोक्ने।

(ग) आफ्नो क्षेत्र भित्र एकीकृत बस्ती विकास कार्यक्रम कार्यान्वयको सम्बन्धमा देखा परेका विवादहरुको निरुपण गर्ने र निरुपण हुन नसक्ने विवादहरुको सम्बन्धमा समाधानका लागि मन्त्रालयमा लेखी पठाउने।

(घ) कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने गराउने।

(ङ) विषयगत कार्यालय वा स्थानीय तहहरुसँग आवश्यक समन्वय र सहजीकरण गर्ने।

(च) कार्यक्रम कार्यान्वयन गरिने स्थान तथा लाभग्राही छनौट सम्बन्धी कार्य गर्ने।

(छ) कार्यक्रम कार्यान्वयनको सम्बन्धमा समीक्षा गर्ने।

## परिच्छेद-५
## विविध

२२. **खर्चको लेखाङ्कन, अभिलेख, प्रतिवेदन तथा लेखापरीक्षणः** एकीकृत बस्ती विकास कार्यक्रम कार्यान्वयन सम्बन्धी भएको खर्चको प्रचलित कानुन बमोजिम लेखाङ्कन गर्ने, फाँटवारी तथा स्रेस्ताको अभिलेख राख्ने र प्रतिवेदन गर्ने तथा लेखापरीक्षण गराउने जिम्मेवारी कार्यक्रम कार्यान्वय गर्ने सम्बन्धित स्थानीय तह वा विषयगत कार्यालयको हुनेछ।

२३. **निर्देशन पालना तथा समन्वयः** (१) निर्देशक समितिले कार्यक्रम कार्यान्वयनको सिलसिलामा दिएको निर्देशन सम्वन्धित कार्यक्रम कार्यान्वयन गर्ने पक्ष वा निकायले पालना गर्नु पर्नेछ।

(२) स्थानीय तहले बस्ती विकासका कार्यक्रम सञ्चालन गर्दा प्रदेश सरकारसँग समन्वय गरी गर्नु पर्नेछ।

२४. **सार्वजनिक सुनुवाईः** कार्यक्रम सम्पन्न भएपश्चात कार्यान्वयन गर्ने पक्षले सार्वजनिक सुनुवाई गरी कार्यक्रमको सम्पूर्ण पक्षको बारेमा सरोकारवालाहरुलाई जानकारी गराउनु पर्नेछ।

२५. **लाभग्राही स्वयंले खर्च गरी शोधभर्ना भूक्तानी लिन सक्नेः** लाभग्राहीले यस कार्यविधि अनुसार सम्झौता गरी स्वीकृत मापदण्ड तथा शर्त अनुसार आफ्नो भवन आफ्नै खर्चमा निर्माण सम्पन्न गरी यो कार्यविधि तथा प्रचलित कानून बमोजिम शोधभर्ना भूक्तानी लिन सक्नेछ।

२६. **<u>कार्यक्रम प्रभावकारिता:</u>** एकीकृत बस्ती बिकास कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्न विषयगत कार्यालयमा जनशक्ति नरहेको वा अभाव रहेको अवस्थामा सञ्चालन खर्चमा व्ययभार हुने गरी विषयगत कार्यालयले सार्वजनिक खरिद ऐन, नियमावली तथा प्रचलित कानून बमोजिम छोटो समयावधिको लागि उपयुक्त प्राविधिक जनशक्ति एकमुष्ठ वा मासिक आधारमा सेवा करार गरी सेवा लिइ कार्यक्रमलाई प्रभावकारी बनाउन सक्नेछ।

२७. **<u>विवादको समाधान:</u>** कार्यक्रम कार्यान्वयन गर्ने गराउने वा कार्यक्रम कार्यान्वयनमा कुनै विवाद उत्पन्न भएमा निर्देशक समितिबाट दिइने निर्णय अन्तिम हुनेछ। तर यस निर्णय उपर कानुन बमोजिम पुनरावेदन गर्न सकिनेछ।

२८. **<u>कारबाही हुने:</u>** बस्ती विकास कार्यक्रमबाट लाभान्वित हुने उद्देश्यले कुनै व्यक्तिले झुट्ठा विवरण पेश गरेमा वा त्यस्ता व्यहोरा सिफारिस गरेको ठहर हुन आएमा त्यस्तो कार्यमा संलग्न व्यक्तिलाई प्रचलित कानून बमोजिम कारवाही हुनेछ।

२९. **<u>सुविधा नपाउने:</u>** यस कार्यविधि बमोजिम आवास प्राप्त गर्ने लाभग्राहीले प्रदेश सरकारका अन्य कार्यक्रमबाट आवास सुविधा पाउने छैन।

३०. **<u>प्रचलित कानून बमोजिम हुने:</u>** यस कार्यविधिमा लेखिएको विषयमा यसै कार्यविधि बमोजिम र नलेखिएका विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

३१. **<u>बाधा अड्काउ फुकाउनेः</u>** यो कार्यविधि कार्यान्वयनका क्रममा कुनै वाधा अड्काउ उत्पन्न भएमा सो को फुकाउने अधिकार मन्त्रालयमा निहित रहनेछ। प्रदेश सरकार मन्त्रिपरिषद्ले आवश्यकता अनुसार कार्यविधिको संशोधन गर्न सक्नेछ।

३२. **<u>खारेजी र बचाउः</u>** (१) एकीकृत बस्ती विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ खारेज गरिएको छ।

(२) एकीकृत बस्ती विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ बमोजिम भए गरेको कार्य यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश

## अनुसूचि-१
## (दफा ११ को उपदफा (३) सँग सम्बन्धित)

**एकीकृत बस्ती विकास कार्यक्रम कार्यान्वयनका सम्बन्धमा**

कर्णाली प्रदेश, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय वा

...................... जिल्ला पूर्वाधार विकास कार्यालय र

...............................................

नगरपालिका/गाउँपालिका बीच भएको

## समझदारी-पत्र (MOU)

कर्णाली प्रदेश सरकारको एकीकृत बस्ती विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ बमोजिम एकीकृत बस्ती विकास सम्बन्धी कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि प्रदेश सरकार, प्रदेश सरकारको जिल्लास्थित पूर्वाधार विकास कार्यालय र स्थानीय तहबीचको समन्वय र सहकार्य गरी विकट क्षेत्रमा छरिएर रहेका बस्ती, बाढी पहिरो लगायतका प्राकृतिक विपदको उच्च जोखिममा रहेका र आफ्नो घरजग्गा नभएका व्यक्तिको संरक्षण, उत्थान एवं सशक्तिकरण गर्दै आधारभूत एवं सुरक्षित आवासको व्यवस्थाका लागि बस्ती विकास कार्यक्रम कार्यान्वयन गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (यस पछि मन्त्रालय भनिएको) वा..............जिल्ला पूर्वाधार विकास कार्यालय (यसपछी कार्यालय भनिएको) र ......................................गाउँपालिका/नगरपालिका (यसपछी स्थानीय तह भनिएको) (**मन्त्रालय, विषयगत कार्यालय र स्थानीय**

**तहलाई यसपछी संयुक्त रुपमा उल्लेख गर्दा समझदारी पत्रका पक्ष भनिएको**) बीच यो समझदारी पत्र (MOU) गरिएको छ।

एकीकृत बस्ती विकास कार्यक्रमको प्रभावकारी रुपमा कार्यान्वयनमा आ-आफ्नो तहबाट एकीकृत बस्ती विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ (यस पछी कार्यविधि भनिएको), एकीकृत बस्ती विकास कार्यक्रम निर्देशक समिति तथा कार्यक्रम कार्यान्वयन समितिले तोके बमोजिमको जिम्मेवारी पूर्ण रुपले निर्वाह गर्न र बस्ती विकास सम्बन्धी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्न हामी सम्झौता पत्रका पक्षहरु यो समझदारी मार्फत प्रतिवद्धता व्यक्त गर्दै यस समझदारीमा उल्लेखित व्यवस्थाको पूर्ण पालना गर्न सहमत भएका छौं।

कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा हामी तीनै सम्झौता-पत्रका पक्षले तपसिलमा उल्लेख भएका विषयहरुलाई पूर्ण पालना गर्नेछौं।

(क) **जोखिमयुक्त बस्ती तथा समुदाय र लाभग्राहीको पहिचानः** कार्यविधिमा उल्लेख भए बमोजिमको आधार र प्रकृया बमोजिम जोखिमयुक्त बस्ती तथा समुदाय र लाभग्राहीको पहिचान गर्न जोखिमयुक्त समुदाय तथा बस्ती र बस्ती विकास गरिने स्थानहरुको सम्बन्धमा आवश्यक अध्ययन गर्ने, आफ्नो क्षेत्रभित्र लाभग्राही परिवार र जोखिमयुक्त स्थानहरुको सम्बन्धमा यथार्थ तथ्याङ्क तथा विवरण संकलन गर्ने र त्यस्तो तथ्याङ्क अद्यावधिक गरी राख्नेछौं। त्यस्तो सूचना एक अर्कामा आवश्यकतानुसार विद्युतीय तथा अन्य माध्यमबाट आदानप्रदान गर्नेछौं। त्यस्तो तथ्याङ्कलाई व्यवस्थित

गर्नका लागि एक आपसमा सहयोग र सहकार्य गर्दै एकीकृत अनलाईन सूचना प्रणालीको विकास गर्नेछौं।

(ख) **योजना तर्जुमा र स्वीकृतिः** कार्यवधिको दफा ८ बमोजिम एकीकृत बस्ती विकासको योजना तर्जुमा गर्दा दोहोरोपना नपर्ने गरी आवश्यकता र औचित्यको आधारमा आफ्नो क्षेत्र भित्रका नागरिकलाई न्यूनतम आधारभूत आवासको सुविधा प्राप्त गर्ने गरी योजना तर्जुमा गर्नेछौं। योजना तर्जुमा गर्दा दिगो, रोजगारमुलक, लागतप्रभावी, वातावरण तथा विपद् व्यवस्थापन मैत्री र स्थानीय श्रम र स्रोत साधनको अधिकतम उपयोग हुने योजना तर्जुमा र त्यस्ता योजनाहरु स्वीकृत गर्नेछौं। आफ्नो क्षेत्र भित्र सम्भावित एकीकृत बस्ती विकास योजनाहरुको परियोजना बैङ्क तयार सहभागितामुलक विधिबाट गर्नेछौं। मन्त्रालयले र स्थानीय तहले अन्य योजना छनौट गर्दा एकीकृत बस्ती विकास कार्यक्रमले लिएको उद्देश्य पुरा हुने गरी योजना छनौट गर्नेछौं।

(ग) **योजना कार्यान्वयनः** योजना कार्यान्वयनको सम्बन्धमा कार्यविधिमा उल्लेख भए बमोजिम आफ्नो भूमिका निर्वाह गर्नेछौं। योजना कार्यान्वयन गर्दा कार्यविधिमा उल्लेख भए बमोजिम निर्देशक समिति, कार्यक्रम कार्यान्वय समिति र मन्त्रालयले दिएको निर्देशन र मार्गदर्शनको पुर्ण रुपमा पालना गर्नेछौं।

(घ) **निर्माण सम्बन्धी कार्यः** कार्यवधिमा उल्लेख भए बमोजिम निर्माण सम्बन्धी कार्य गर्दा सहरी विकास

तथा भवन निर्माण सम्बन्धी प्रचलित मापदण्डहरुको पुर्ण पालना गर्नेछौं। निर्माणको गुणस्तर कायम गर्न एक आपसमा सहयोग तथा सहकार्य गर्नेछौं।

(ङ) **सहयोग र समन्वयः** विषयगत कार्यालय र स्थानीय तहले कर्णाली प्रदेश सरकारको एकीकृत बस्ती विकास कार्यक्रमका लागि मन्त्रालय, निर्देशक समिति र कार्यक्रम कार्यान्वयन समितिबाट भएका निर्णयहरुको कार्यान्वयन गर्न तथा बस्ती विकास कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न आवश्यक सहयोग र समन्वय गर्नेछौं। बस्ती विकास योजना तर्जुमा तथा कार्यान्वयनका सबै चरणहरुमा एक अर्कामा सहयोग र समन्वय गर्नेछौं।

(च) **अनुगमन तथा मूल्याङ्कनः** प्रदेश सरकारबाट सञ्चालित एकीकृत बस्ती विकास कार्यक्रम मन्त्रालय वा कार्यक्रम कार्यान्वयन समिति वा स्थानीय तह वा संयुक्त रुपमा अनुगमन तथा मूल्याङ्कन गर्न सहमत भएका छौं। अनुगमन तथा मूल्याङ्कनका लागि मन्त्रालयले विकास गर्ने अनलाईन अनुगमन तथा मूल्याङ्कन प्रणालीमा तथ्याङ्क तथा विवरणहरु नियमित रुपमा प्रविष्ट गर्नेछौं। अनुगमन तथा मूल्याङ्कनको प्रतिवेदन मन्त्रालयमा उपलब्ध गराउनेछौं। कार्यक्रमलाई थप प्रभावकारी बनाउने सम्बन्धमा आवधिक समिक्षा, छलफल तथा अन्तरक्रिया गर्नेछौं। कार्यक्रमको चालु, मध्यावधि र अन्तिम मूल्याङ्कन सहभागितामुलक विधिबाट गर्नेछौं।

(छ) **उत्तरदायीत्वः** स्थानीय तह आफैले सञ्चालन गरेको कार्यक्रमको उत्तरदायित्व स्थानीय तहमा रहनेछ। कार्यक्रमको सम्बन्धमा सरोकारवाला प्रति उत्तरदायी र जवाफदेही हुन कार्यक्रम पूर्व, कार्यक्रमको चरण र कार्यक्रम सम्पन्न भए पश्चात सार्वजनिक सुनुवाई तथा सामाजिक परीक्षण गर्नेछौं।

(ज) **बजेट र जनशक्ति व्यवस्थाः** योजना कार्यान्वयनका लागि आवश्यक बजेट मन्त्रालयले कार्यविधिमा उल्लेख भए बमोजिम उपलब्ध गराउनेछ। लागत सहभागिता, जग्गा प्राप्ति र बस्ती विकासको कार्य कार्यवधिमा उल्लेख भए बमोजिम गर्नेछौं। कार्यक्रम कार्यान्वयनको सम्बन्धमा आवश्यक जनशक्ति समन्वयात्मक रुपमा परिचालन गर्नेछौं। कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि कार्यालयबाट खटिइएको प्राविधिक कर्मचारीलाई स्थानीय तहले आवश्यक कामकाजमा लगाउन र सहजीकरण गर्नका लागि निजलाई परिचालन गर्नेछौं।

१. **वित्तीय अनुशासन र लेखापरीक्षणः** एकीकृत बस्ती विकास कार्यक्रम कार्यान्वयन सम्बन्धमा भएको खर्चको प्रचलित कानुन बमोजिम लेखाङ्कन गर्ने, फाँटबारी तथा स्रेस्ताको अभिलेख राख्ने र प्रतवेदन गर्ने तथा लेखापरिक्षण गराउने जिम्मेवारी कार्यविधिको दफा २२ बमोजिम कार्यक्रम कार्यान्वय गर्ने सम्बन्धित स्थानीय तह वा विषयगत कार्यालयको हुनेछ।

२. **प्रतिवेदनः** कार्यक्रम कार्यान्वयनको सम्बन्धमा भएको प्रगती प्रतिवेदन स्थानीय तह र विषयगत कार्यालयले नियमित रुपमा मन्त्रालयमा पठाउनेछन्।

३. **विवाद समाधानः** कार्यक्रम कार्यान्वयनको सम्बन्धमा विवाद उत्पन्न भएमा कार्यविधिमा उल्लेख भए बमोजिमको विधिबाट विवाद समाधान गर्न सहमत भएका छौं। समझदारी पत्र कार्यान्वयनको क्रममा दुविधा भएमा एक अर्कामा छलफल गरेर तीनै पक्षको सहमतीबाट विवाद समाधान गरिनेछ। त्यसरी विवाद समाधान नभएमा प्रचलित कानून बमोजिम हुनेछ।

हामी देहायका पक्षहरुले यस सम्झौताका व्यवस्थाहरुको पूर्ण पालना गर्ने प्रतिवद्धता सहित हस्ताक्षर गरी एक/एक प्रति बुझिलियौं।

...................................
कार्यालय वा मन्त्रालयको तर्फबाट
नामः
पदः
मितिः
कार्यालयको छापः

.................................
स्थानीय तहको तर्फबाट
नामः
पदः
मितिः
कार्यालयको छापः

**रोहवर**

....................
कार्यालय वा मन्त्रालयको तर्फबाट
नामः
पदः
मितिः

## अनुसूचि-२
## (दफा १३ को उपदफा (४) सँग सम्बन्धित)

.............................. गाँउपालिका/नगरपालिका (यस पछि प्रथम पक्ष भनिने) र ................ बस्ने ................... को नाती/नातिनि .................... को छोरा/छोरी/बुहारी .................................. को पति/पत्नी वर्ष .............. को श्री ........................... (दोस्रो पक्ष भनीने) बीच कर्णाली प्रदेश सरकारद्वारा कार्यान्वयन भएको एकीकृत बस्ती विकास कार्यक्रम अन्तर्गत निजी आवास निर्माण गर्ने सम्बन्धमा निम्न अनुसारका शर्त तथा अधिनमा रही काम गर्न मञ्जुर भई................ नगर वा गाँउ कार्यपालिकाको कार्यालयमा राजीखुसीले यो सम्झौता पत्रमा हस्ताक्षर गरी एक/एक प्रति लियौं दियौं।

**शर्तहरुः**

१. **कामको विवरणः** प्रथम पक्षले दोस्रो पक्षलाई तोकिएको क्षेत्रमा आवास निर्माणका लागि आवास निर्माण हुने स्थान, आवासको ड्रईङ्ग डिजाईन र लागत अनुमान तयार गरी उपलब्ध गराउनेछ। दोस्रो पक्षले प्राप्त लागत अनुमान र ड्रईङ्ग डिजाईनका आधारमा यो सम्झौता भएको मितिले १५ दिनभित्र आवास निर्माणको कार्य सुरु गर्नुपर्नेछ।

२. **प्राविधिक सेवा तथा परामर्शः** प्रथम पक्षले आवास निर्माणका लागि आवश्यक पर्ने प्राविधिक सेवा तथा परामर्श दोस्रो

पक्षलाई उपलब्ध गराउनेछ। दोस्रो पक्षले आवास निर्माणको सम्बन्धमा प्रथम पक्षले दिएको सल्लाह तथा निर्देशनको पूर्णरुपमा पालना गर्नुपर्नेछ।

३. **निर्माण कार्य सुरु गर्नुपर्नेः** दोस्रो पक्षले सम्झौता भएको १ महिनाभित्र आवासको डि.पि.सि. तहको काम (यसपछी पहिलो चरणको काम भनिने), २ महिनाभित्र घर निर्माणको प्रारम्भिक कार्य सम्पन्न (यसपछी दोस्रो चरणको काम भनिने) र ३ महिनाभित्र घर निर्माणको सम्पुर्ण कार्य सम्पन्न (यसपछी तेस्रो चरणको काम भनीने) गरी फरफारकका लागि कार्यालयमा पेश गरी सक्नुपर्नेछ।

४. **रकम भुक्तानीः** प्रथम पक्षले दोस्रो पक्षलाई प्राविधिक प्रतिवेदन, वडा कार्यालय र नगरपालिका स्तरीय अनुगमन तथा सुपरीवेक्षण समितिको सिफारिस र कार्यप्रगतिको अवस्था देखिने गरी लिएको तस्वीरको आधारमा पहिलो चरणको काम सम्पन्न भएपछी सम्झौता रकमको २५ प्रतिशत रकम, दोस्रो चरणको काम सम्पन्न भएपछी ५० प्रतिशत र तेस्रो चरणको काम सम्पन्न भएपछी बाँकी २५ प्रतिशत रकम वा कार्यविधिको दफा २५ अनुसार प्राविधिक जाँचपासका आधारमा किस्तागत रुपमा बैङ्क खाता मार्फत भुक्तानी गर्नेछ।

५. **तोकिएको प्रयोजनको लागि उपयोग गर्नुपर्नेः** प्रथम पक्षलाई दोस्रो पक्षले आवास निर्माण कार्य सम्पन्न भएपछी आवास हस्तान्तरण प्रमाण पत्र सहित आवास हस्तान्तरण गर्नेछ। यस

आन्तरिक मामिला तथा कानून मन्त्रालय कर्णाली प्रदेश

सम्झौता बमोजिम बनाईएको आवासमा दोस्रो पक्षको परिवारले आवास प्रयोजनको लागि मात्र उपयोग गर्न पाउनेछ। तर दोस्रो पक्ष वा निजको परिवारको सदस्यले सानातिना व्यापार व्यवसाय र उद्यम सञ्चालन गर्न भने यस बुँदाले बाधा पर्ने छैन।

६. **बेचविखन गर्न नपाईने:** दोस्रो पक्षलाई हस्तान्तरण गरिएको जग्गा तथा आवास हस्तान्तरण गरिएको मितिले १५ (पन्ध्र) वर्षसम्म कुनै पनि कारणबाट बिक्रि वितरण तथा हक हस्तान्तरण गर्न पाइने छैन।

७. **कारवाही हुने:** दोस्रो पक्षले बस्ती विकास कार्यक्रमबाट लाभान्वित हुने उद्देश्यले झुठ्ठा विवरण पेश गरेमा वा त्यस्ता व्यहोरा सिफारिस गरेको ठहर हुन आएमा त्यस्तो कार्यमा संलग्न जो कोहीलाई प्रचलित कानून बमोजिम कारवाहीका लागि सिफारिस गरी पठाईनेछ। त्यस्तो जग्गा तथा आवास जफत गरीनेछ।

८. **जिम्मेवार हुने:** आवास निर्माणको गुणस्तर कायम गर्ने र समयमा सम्पन्न गर्ने सम्पूर्ण जिम्मेवारी दोस्रो पक्षको हुनेछ।

९. **विवाद समाधान:** सम्झौताको कार्यान्वयनमा कुनै विवाद भएमा आपसी सहमतीबाट समाधान गरिने छ। समाधान हुन नसकेमा एकीकृत बस्ती विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ तथा प्रचलित कानून बमोजिम हुनेछ।

१०. **सम्झौताको अवधि:** यो सम्झौताको अवधि मितिः.............. देखि ............... सम्म वहाल रहनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय कर्णाली प्रदेश

.....................................

**स्थानीय तहको तर्फबाट**

**हस्ताक्षर गर्ने आधिकारिक व्यक्तिको**

नामः

पदः

मितिः

कार्यालयको छापः

.....................................

**मुख्यमन्त्री तथा मन्त्रिपरपषद्को कार्यलयको तर्फबाट हस्ताक्षर गर्ने आधिकारिक व्यक्तिको**

नामः

पदः

मितिः

कार्यालयको छापः

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली

आज्ञाले,

आनन्द सारु

प्रदेश सरकारको सचिव

**आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेतमा मुद्रित**